निर्णय प्रमाणित
०८३/४/१३

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**मिति २०८३/०४/१३ गतेको गाउँ कार्यपालिकाको पहिलो (१) बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा । | |
| २. | नेपाल टेलिकमसँग दुरसञ्चार सेवाहरु विस्तार सम्झौता सम्वन्धमा । | |
| ३. | करदाता सेवा कार्यालय सुर्खेतबाट प्रवाह हुने केहि सेवाहरु यस गाउँपालिकाबाट सञ्चालन गर्ने सम्बन्धमा । | |
| ४. | भगवतीमाई गाउँपालिका कार्यसञ्चालन कार्यविधि, २०८३ सम्वन्धमा । | |
| ५. | प्रधानाध्यापक व्यवस्थापन र विद्यालयको सामाजिक परीक्षण सम्बन्धमा। | |
| ६. | आ.व. २०८२/०८३ को वार्षिक प्रगति समिक्षा सम्वन्धमा । | |
| ७. | निर्माणाधिन गाउँपालिका प्रवेशद्वार सम्बन्धमा । | |
| ८. | समसामयिक छलफल सम्बन्धमा । | |

**मिति २०८३/०४/१३ गतेको गाउँ कार्यपालिकाको पहिलो (१) बैठकबाट भएका निर्णयहरुः**

१. यस कार्यपालिकाबाट अघिल्ला बैठककमा भएका निर्णयहरुको कार्यान्वयन समिक्षा गरियो ।

२. यस नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेत र यस गाउँपालिकाबीच मिति २०८२/०९/२५ गते भएको समझदारी सम्झौता बमोजिम यस गाउँपालिकालाई डिजिटल पालिका बनाउन आवश्कय पर्ने सम्पुर्ण दुरसञ्चार सेवाहरु (4G/LTE, FTTH, Lease, Telephone, Namaste Wifi etc.) को विस्तार गर्ने कार्यक्रम कार्यान्वयनको लागि नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतसँग सम्झौता गर्ने ।

३. करदाता सेवा कार्यालयहरूबाट प्रवाह हुँदै गरेका सेवाहरू स्थानीय तहहरूबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०८२ बमोजिम करदाता सेवा कार्यालय, सुर्खेतबाट हुने कर सम्बन्धी सेवाहरुमध्ये केहि सेवाहरु यस गाउँपालिकाबाट सम्पादन गर्ने र सो को लागि करदाता सेवा कार्यालय, सुर्खेतलाई सहजीकरणको लागि अनुरोध गर्ने ।

४. भगवतीमाई गाउँपालिका कार्य सञ्चालन निर्देशिका तर्जुमा प्रक्रिया सुरु गर्ने ।

५. भगवतीमाई गाउँपालिका प्रधानाध्यापक व्यवस्थापन कार्यविधि तर्जुमा र सामाजिक परीक्षण नभएका समस्याग्रस्त विद्यालयहरुको सामाजिक परीक्षण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

६. यस गाउँपालिकाको गत आ.व. २०८२/०८३ को वार्षिक प्रगति समिक्षा २०८३/०४/३० गते गर्ने ।

७. यस भगवतीमाई गाउँपालिका, कार्यपालिकाको कार्यालयको प्रवेशद्वार निर्माण कार्यको विवाद सम्वन्धमा सम्बन्धित पक्षसँग सम्वाद गरी समाधान गर्ने र समस्या समाधान नभएमा प्रवेशद्वारको डिजाइन परिवर्तन गरि निर्माण कार्य अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने।

८. यस भगवतीमाई गाउँपालिका वडा नं. २ बस्ने श्री सुनिता वादीलाई निजको घर निर्माणको लागि कर्कट पाता उपलब्ध गराउने ।

९. स्नोकोर टुर्नामेन्ट खेलको लागि काडाँचौर युवा क्लब, दैलेखलाई रु. १०,०००। सहयोग गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

आज मिति २०८३ साल श्रावण १३ गते विहान १०:०० बजे भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**स्थानः** गाउँ कार्यपालिकाको कार्यालय — **बैठक संख्याः** १-२०८३/०८४

**बैठक प्रारम्भः** विहान १०:०० बजे — **बैठक समापनः**

उपस्थितिः

| नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| श्री गणेशबहादुर थापा | अध्यक्ष | भगवतीमाई गा.पा.-०१ | [signature] |
| श्री मिनाकुमारी खड्का | उपाध्यक्ष | भगवतीमाई गा.पा.-०१ | [signature] |
| श्री टोप बहादुर बुढा | सचिव, नि.प्र.प्र.अ. | भगवतीमाई गा.पा. | [signature] |
| श्री इन्द्रबहादुर थापा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०१ | [signature] |
| श्री लोकबहादुर रावत | का.वा. वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०२ | [signature] |
| श्री मानबहादुर खड्का | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०३ | [signature] |
| श्री देवलोक अधिकारी | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०४ | [signature] |
| श्री कृष्णबहादुर शाही | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०५ | |
| श्री गणेशप्रसाद शर्मा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०६ | [signature] |
| श्री पुर्णबहादुर थापा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०७ | [signature] |
| श्री गालसरा वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०२ | |
| श्री रेशम बादी | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०२ | [signature] |
| श्री शारदा बस्नेत खड्का | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०३ | |
| श्री बत्ती वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०६ | |
| श्री रञ्जनाकुमारी भण्डारी | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०७ | [signature] |
| श्री टिकाराम वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०७ | [signature] |

सहयोगी कर्मचारी

| नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |